संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी राष्ट्रिय दैनिक

खबर

माझखर्क साप्ताहिकको सह-प्रकाशन

गाडि रिर्जभ चाहिएमा




डाईभर नन्दु चौधरी मो.न.९८४२९९०५४ ९८५२८३७८२

■ बर्ष-१५, ▶▶ अंक ३६० ▶▶ साउन ३ आईतबार,२०७८, July-18 Sunday 2021, यलेदुङ किरात सम्वत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/- www.majhkharka.com

# दिनभर अघोषित लोडसेडिङ

❖ बेद कुमारी राई

*उदयपुर, साउन २*

उदयपुर सदरमुकाम गाईघाटमा शनिबार दिनभर विद्युत अवरुद्ध हुन पुग्यो । नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र उदयपुरका अनुसार प्राधिकरणको लहान-गाईघाट प्रशारण लाईनको तारमा समस्या आएकाले गाईघाट दिनभर अन्धकार हुन पुगेको हो ।

विहान ८:०० बजेदेखि गएको विद्युत साँझ ७:०० बजे मात्र सुचारु भएको छ । वितरण केन्द्र गाईघाटले जलजलेस्थित सबस्टेशनमा आएको खराबी मर्मत गर्नुपरेकाले विद्युत लाईन बन्द गर्नु परेको जनाएको छ । गतसाता नै बिग्रेको सबस्टेशनमा शनिबारको दिन पारेर मर्मत गर्न पर्दा १२ घण्टा विद्युत अवरुद्ध हुन पुगेको




केन्द्रको भनाई छ । ३३ हजार किलोभोल्टको लाईन जलजलेमै बन्द गरेपछि सदरमुकाम गाईघाटसँगै खोटाङ पनि दिनभर विद्युतविहीन बन्न पुग्यो ।

शनिबारको दिन भएकाले विद्युत अवरुद्ध हुँदा सरकारी कामकाजमा समस्या नपरे पनि व्यक्तिगत काममा धेरैलाई समस्या परेको छ । पत्रकारहरुले विद्युत अवरोधकै कारण दिनभर सूचना संकलन र संप्रेसन गर्न पाएनन् । विद्युतकै भरमा चल्ने ल्यापटप, कम्प्युटर, मोवाईल विद्युत अवरोधका काण चार्ज गर्न नपाउँदा सूचना संकलन र संप्रेसनमा बाधा खडा भएको हो ।

घण्टौं विद्युत अवरुद्ध हुनाले स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, एमएफएम रेडियो, अनलाईन, टेलिभिजन र युट्युवलगायत सञ्चार माध्याम नरामरी प्रभावित भएको एभिन्युज टेलिभिजनका संवाददाता भोटराज राईले बताए । विद्युत अवरोधका कारण फेसबुक, ट्वीटर र इस्टाग्रामजस्ता सामाजिक सञ्जाल चलाउनेहरुले पनि दिनभरी सूचनाबाट बञ्चित हुनु परेको गुनासो गरेका छन् ।

# त्रियुगा नगरपालिकाको शौचालय प्रयोग गर्दा बिरामी हुने जोखिम

❖ बुद्धि कुमार राई

*गाईघाट, साउन २*

त्रियुगा नगरपालिका उदयपुरको कार्यालय भित्र रहेको सेवाग्राही र कर्मचारीले प्रयोग गर्दै आईरहेको शौचालय प्रयोग गर्दा जोखिम बढेको छ ।

नगरपालिकाको १६ वटा वडाका हजारौ सेवाग्राही दैनिक आउँछन् । शौचालयको स्थिति र सरसफाईले नगरपालिका आउने सेवाग्राही बिरामी भएर फर्कनुपर्ने अवस्था छ । नगरपालिकाका मेयर, उपमेयर, कार्यकारी अधिकृतले प्रयोग गर्ने शौचालय भने छुंदा पनि दाग लाग्ने जस्तो छ रतर सेवाग्राहीले प्रयोग गर्ने शौचालय भने सरसफाई नहुँदा त्यही रोग उत्पन्न हुने जस्तो छ । - बाँकी ३ पेजमा



त्रियुगा नगरपालिकाका सेवाग्राही र कर्मचारीले प्रयोग गर्ने शौचालय तस्विर - मुलुकी ।



त्रियुगा नगरपालिकाका नगरप्रमुख मेयरले प्रयोग गर्ने शौचालय तस्विर - मुलुकी ।

# कटारीमा साकेलाथानलाई सहयोग

❖ ऋषि राई



*कटारी,साउन २*

उदयपुरको कटारी नगरपालिकाका प्रमुख मेयर ज्ञानेन्द्र श्रेष्ठले संस्कृतिको विकास गरे सकारात्मक शन्देस जाने बताएका छन् । आज कटारी ३ स्थित किरात राई समुदायको निर्माणाधिन साकेला थानको किरात माझिम घर, साकेला थान, साकेला पार्कको अनुगमन गर्दै मेयर श्रेष्ठले भौतिक विकाससँगसँगै संस्कृतिको विकासले सकारात्मक शन्देस जाने बताए ।

साकेला थानमा आवश्यक शौचालय, पार्कका लागि अन्य आवश्यक संरचना निर्माणमा सहयोग गर्ने प्रतिवद्धता जनाउँदै मेयर श्रेष्ठले यहाँका सबै जातजातिहरुको संस्कृतिको जर्गेना गर्न आफु तत्पर रहेको र लागि परिहेको बताए । त्यसैगरी सोही थानमा अनुगमनमा पुग्नु भएका उपमेयर भिमकुमारी राउतले साकेलामा महिलाहरुको पनि धेरै सहभागिता रहने भएकाले महिलाहरुका लागि आवश्यक सहयोग गर्ने प्रतिवद्धता जनाए ।

त्यहाँ अहिले उदयपुर निर्वाचन क्षेत्र नम्बर २ बाट निर्वाचित संघिय सांसद सुरेस राईको पहलमा संस्कृति मन्त्रालयबाट विनियोजित ५ लाखको साकेला थान र १५ लाखको किरात माझिम घर निर्माण भईरहेको छ । साकेला थानमा भौतिक संरचना निर्माणमा स्थानीय सरकारले महत्वका साथ सहयोग गरिहेको किरात राई यायोक्खा नगर कमिटीका अध्यक्ष पदम राईले बताए ।

साकेला थानमा धैरै वर्ष पहिलादेखि किरात राई समुदायले सामुहिक रुपमा आफ्नो उभौली उधौली पर्व साकेला नाचेर मनाउँदै आएका छन् । संरचना निर्माणसँगै साकेला थान परिसर रमणिय बन्दै गएको छ ।

**मुलुकी दैनिक पत्रिकाको मासिक शुल्क पठाईदिनुहुन अनरोध छ । निशुल्क पत्रिका पढेर अरुको श्रमको शोषण नगरौ । सम्पर्क – ९८४२९८५१८८ ।**

## मुलुकी दैनिकको नयाँ विज्ञापन दर

आवरण पृष्ठः प्रति सेमिकोलम ५००/-

भित्रि पृष्ठः प्रति सेमि कोलम ३५०/-

अन्तिम पृष्ठः प्रति सेमि कोलम ४००/-

भित्री पृष्ठ पुरा ४५,०००/-

अन्तिम पृष्ठ पुरा ६०,०००/-

आवरण पृष्ठ आधाः ३५,०००/-

ज्याकेटः ७५,०००/-

नोटः रु.२०,०००/- भन्दा माथिको बीलमा मूल्य अभिबृद्धि कर जोडिनेछ ।

## सम्पादकिय

# हाकिम साप आदेश देऊ

त्रियुगा नगरपालिका गाईघाट उदयपुरमा नगरपालिकाले १२ जना प्रहरी भर्ना गरेर नगरबासीको सुरक्षामा खटाएको छ । नाम नै नगर प्रहरी भएकाले काम नगरी बस्ने प्रहरी होकी भन्ने भान हुन सक्छ । बास्तवमा नगर प्रहरीको नाम चाहि गर प्रहरी हुनुपर्ने हो । किनकि असार १२ गतेदेखि सुरु भएको त्रियुगा नगरपालिकाको गाईघाट बजार क्षेत्रको सडकपेटीमा अहिले पैदलयात्रु खुलमखुल्ला निर्धक्क भएर हात फिजाएर सुरक्षित भएर हिड्न सक्छ ।

सडकपेटी पैदलयात्रुको अधिकार हो भन्ने कुरा किन सडकपेटी अबरुद्ध गर्ने महान ब्यक्तिहरुलाई थाहा नभएको होला ? अहिले गाईघाट बजार क्षेत्रको श्रमिक पार्क मुनी आँखा अस्पतालदेखि गाईघाट बजारको सुवास गुप्ताको पसल, मुख्यचोक, बैङ्कलाईन चोक हुँदै पुरानो गाईघाट चोक बरुवा खोला पुलसम्म सबै सडकपेटी खुल्ला गरिएको छ। यो काम गर्नमा सडकपेटी अबरुद्ध गर्ने, नगर प्रहरी, नागरिक समाज सबैको उतिकै महत्व छ । त्रियुगा नगर प्रहरीलाई कार्यकारी अधिकृत हाकिमको आदेश चाहिएको छ । हाकिम भने किन आदेश दिन सक्दैन । कार्यकारी अधिकृत नगर प्रहरीको अधिकार हातमा मुठी पारेर बसेका छन् । आदेश देउ नगर प्रहरीलाई नगर प्रहरी आफ्नो अधिकार प्रयोग गर्न नपाउँदा मुर्मिएर बसेका छन् । नगरपालिकाको मेयर, उपमेयर, वडाध्यक्ष अर्को पटक चुनाबमा भोट नपाईएला भनेर डराएर बसेका छन् । तर कार्यकारी अधिकृतलाई के को डर ? आफ्नो अधिकारको प्रयोग गर्न किन आँट नकसेका हुन बडो अचम्मको कुरा छ यहाँ ।

कार्यकारी अधिकृत न चुनाब लड्ने, न कोही रिसाउनलान भन्ने डर । गाईघाट बजारको मदन भण्डारी लोकमार्ग सम्मको क्षेत्रको सडकपेटी खुल्ला भए पनि बैङ्क लाईनको झोला ब्यापारीहरु सडकपेटीबाट पछि हटे । तर त्यहि झोला ब्यापारीहरुको बिपरित दिशाका घरवालाहरु किन सडकपेटीमा धान सुकाएर, सडकपेटीमा बालुवा, गिटी राखेर महान सम्झन्छन ? यो सबै कारणको दोषि कार्यकारी अधिकृत हुन् । नगर प्रहरीलाई सोध्यो कार्यालय प्रमुख कार्यकारी अधिकृत या मेयरले हामीलाई आदेश दिदैनन् । आदेश नभई हामी उठाउन सक्दैनौ । हो आदेश देउ नगरपालिका नगर प्रहरीलाई अनि सबै जनाले सडकपेटी अबरुद्ध गर्न छाड्नेछन् ।



| | | | |
|---|---|---|---|
| १, आलु | रु ४० | १७, लोकलबोडि | रु ८० |
| २, अदुवा | रु १६० | १८, खर्बुजा | रु ४० |
| ३, टमाटर | रु ७० | १९, रायो साग | रु १०० |
| ४, बन्दा | रु ७० | २०, लट्टे साग | रु ६० |
| ५, भेन्टा | रु ८० | २१, प्याज | रु ७५ |
| ६, खुर्सानी | रु २०० | २२, निगुरो | रु २५ |
| ७, मुला | रु ४० | २३, दुध | रु ७० |
| ८, पर्वल | रु १०० | २४, दहि | रु ९० |
| ९, तितेकरेला | रु ६० | २५, महि | रु ५० |
| १०, भिन्डी | रु ८० | २६, घिउ | रु ७०० |
| ११, च्याउ | रु २४० | २७, रागाको मासु | रु ४०० |
| १२, फुलकोबी | रु १६० | २८, बंगुरको मासु | रु ४०० |
| १३, फर्सि | रु ७० | २९, खसिको मासु | रु १००० |
| १४, कटहर | रु ४० | | |
| १५, काका | रु ८० | | |
| १६, धनियाँ | रु ८० | | |

# गाईघाटका साईकलयात्रु युवाहरुले ५१ किलोमिटर फन्को मारे

❖ मनिताकुमारी राई

गाईघाट साउन २

उदयपुर जिल्ला सायक्लिङ सघंले साउन२ गते आयोजना गरेको कोरा प्रतिशप्रधा विहानै गाईघाट मुख्यचौकदेखि यात्रा अगाडी बढेको छ ।

त्रियुगा नगरपालिकाको सहयोग रहेको कोरा प्रतिशप्रधा ५० किलोमिटरको रहेको आयोजक सदस्य सन्तोष गुप्ताले जानकारी दिएका छन् ।

प्रतिशप्रधाअन्तर्गत ६:३० बजे मुख्यचौकमा जम्माभई विहान ७ : ०० बजे हिडेको यात्रा ८ : ०० बजे चुहाडेमा वाटरब्रेक गर्नेछ ।

लन्चब्रेक सुकौरामा विहान ११ :०० बजे प्रतिशप्रधिहरु फेरी फर्केर दिउसो २ :०० बजे चुहाडे चौकमा आएर वाटरब्रेक गर्नेछ । दिउसो ३ :०० बजे मुख्यचौकमा पुगेर समापन गर्नेछ ।

कार्यक्रमलाई ब्यवस्थित बनाउन संयोजनको भुमिका बाँडफाँट गरिएको छ ।

प्रमुख संयोजन संघका उदयपुर अध्यक्ष जितेन्द्र रोइलाको रहेको छ भने सहभागि संयोजनमा सन्तोष गुप्ता, यात्रा शुभारम्भको संयोजन राजनारायण साह, जाँदाको अवस्थामा चुहाडेमा वाटरब्रेकको संयोजन रोसन माझी, सुकौरामा लन्चब्रेकको संयोजन कुविराज राईले गर्नेछन् । त्यसैगरी फर्किदाको अवस्थामा चुहाडेमा वाटरब्रेकको संयोजन आङपासाङ शेर्पाले गर्नेछन् । यात्रामा सहभागिलाई प्रमाणपत्र र मेडल प्रदान गरेका छन् । गतवर्ष एकसय किलोमिटर बढिको कोरा यात्रालाई यसपटक ५० किलोमिटरको बनाइएको छ । यसमा सबै साईकलस्टहरुको सहभागितालाई ध्यानमा राख्दै यसपटक एकदिने ५० किलोमिटरको यात्रा तय पारिएको आयोजकले जनाएको बताएका छन् । युवाहरु पर्यटन प्रवर्द्धन र स्वास्थ्यका लागि संगठितरुपमा साईक्लिङ गर्दै आएका छन् ।युवाहरुको सामुहिक एकता र समाज रुपान्तरण प्रयासमा अगाडी बढेको संघले बेलाबेलामा यस्तो कार्यक्रमहरुको आयोजना गर्दै आएको छ ।









# बर्षा सुरु भएसँगै बरुवा खोला बाध भत्किन सुरु गाईघाट बासी उच्च जोखिममा

❖ महेश्वर चामलिङ

**उदयपुर, साउन २**

शनिबार विहानदेखि परेको अविरल वर्षाले सदरमुकाम त्रियुगा गनरपालिकामा जतातते डुबान र कटान सुरु गरेको छ । विहान: ११:०० बजेदेखि सुरु मुसलधारे वर्षापछि त्रियुगा नदी, बरुवा, लुहाले र कङलगायत स्थानीय खोलाखोल्सीमा आएको बाढीले जतातते कटान र डुबान गरेर जनजीवन प्रभावित पारेको हो ।



त्रियुगा नदी र स्थानीय खोला खहरेमा उर्लेको बाढीले गाउँबस्ती डुबान गर्नुका साथै खेतबारी कटान गर्न थालेको छ । खोला खोल्सीमा उर्लेको बाढीले गाउँ बस्तीबासीलाई वारपार गर्नसमेत नसक्ने अवस्था भएको छ । शनिबारको वर्षाले उर्लेको बाढीले अरुठाउँभन्दा त्रियुगा नगरपालिका २ खैजनपुर आसपासका सनुवा र सुक्लाई खोलाको कच्ची बाँध भत्काएर गाउँ पसेको बाढीले स्थानीयलाई उठिबास लगाएको वडाध्यक्ष घमानसिंह खत्रीले बताए ।

उनका अनुसार कच्ची बाँधका स्परहरु भत्काउँदै गाउँ पसेको बाढीले स्थानीयको घरहरु पानीले जलमग्न भएका छन् भने डुबान र कटान हुन थालेको छ ।

सनुवा, सुक्लाई, खैजनपुर र आसपासका बस्तीहरु अहिले सबै डुबानमा परेका छन् । झण्डै ६ घण्टा लामो वर्षाले उर्लेको बाढी गाउँ पसेर डुबान गरेपछि खैजनपुर, सुक्लाई, सनुवा, मिलन चोक, रुपनीलगायत बस्तीबासी प्रभावित भएको वडाध्यक्ष खत्रीले बताए । चुरे जंगल मुहान भएको खोला खहरे सामान्य वर्षामै भरिएर बाढी आउने गरेको छ । वर्षा नभएका बेला सुख्खा रहने खहरे खोलाहरु केही घण्टा पानी पर्ने बित्तिकै उर्लेर आउने बाढीले वर्षेनी समस्या निम्त्याउने गरेको छ ।

बाढीले बाँध भत्काएर गाउँ पस्दै डुबान गरेपछि घरभित्र पानी पसेर भुई घर भएका स्थानीयको भान्सा र सुत्ने ठाउँसम्म बाँकी नरहेको पीडितहरु बताउँछन् । लुहाले, सनुवा र सुक्लाई खोलाले कच्ची बाँध गत साताको वर्षाकै बाढीले भत्काउन थालेकोमा यसपटकको बाढीले थप क्षति गरेको छ । बस्ती नै डुबानमा परेपछि सबै घरहरु पानीले भरिएको छ । पानी भरिएपछि स्थानीयको घरभित्र राखेको अन्न र खाद्यान्न भिजाउने र बगाउने गरेर क्षेति पुगेको स्थानीय खैजनपुर टोल विकास संस्थाका सचिव शम्भु कार्कीले बताए । उनका अनुसार बिगाहभन्दा बढी धानखेत बाढीले पुरिन गएको छ । यसरी खेत पुरिदा भर्खरै रोपाँई गरेको धान खेत र रोपाँईको तयारी भईरहेको खेत सबैमा क्षति पुगेको छ । शनिबारकै बाढीले बरुवा खोलाको पुलमा पनि क्षति पुगेको छ । बरुवा खोलामा आएको बाढीले गाईघाट दिक्तेल सडक खण्डको बोक्से-चप्पन जोड्ने पक्की पुलको बाँयापटिको तार जाली लगाएको भागमा क्षति गरेको प्रहरी प्रमुख एसपी सुभासचन्द्र बोहराले बताए । उनका अनुसार बाढीले पुल छेउमा लगाइएको तारजालीसहितको बाँधमा क्षति पुगेको छ ।

बाढीले क्षति गरेको जानकारी आएलगत्तै जेसिबीसहित गएको टोलीले शनिबार साँझै रोकथामको प्रयास थालेको उनले बताए । समयमै रोकथाम नगरे पुलमा समेत क्षति पुग्ने जोखिम रहेको एसपी बोहराले बताए ।

प्रमुख जिल्ला अधिकारी तुलसीराम सेंढाईले पुलको छेउमा केही तारजाली भरेको ठाउँमा बाढीले क्षति गरेको जानकारी आएपछि मर्मतका लागि नरपालिका र सरोकारवाला निकायलाई अनुरोध गरेको बताए ।उनले सानै क्षति भए पनि वर्षा निरन्तर भईरहे ठूलो समस्यामा परिणत हुने भएकाले प्रहरी, सशस्त्र र नगरपालिकासँको साझेदारीमा तत्काल मर्मत गर्न पहल थाल्नुपर्ने भएको छ ।


**सगरमाथा**

**डिपाटमेन्ट स्टोर**

**गाईघाट, उदयपुर**




प्रोपाइटर - किरण चामलिङ राई

**बिके किराना पसल**



३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहकहरुको सेवामा समर्पित ।

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल । गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर सँगै, उदयपुर ।

*प्रोपाइटर - भरत चामलिङ राई*



जाल्पा एकिकृत समाज उदयपुरले असार ३१ गतेदेखि सायउन २ गतेसम्म आयोजना गरेको ३ दिने तालिममा सहभागी उदयपुरका सरोकारवाला निकायका २५ जना सहभागीहरु। समुदायको किशोरकिशोरीहरुलाई हिंसा, दुर्व्यबहार, लागुऔषध दुर्व्यसनी बाट बचाउन तालिममा सहभागी युवाहरुले सरोकार निकायमा पहल गर्नेछ। तस्बिर - मुलुकी




प्रियंका फैन्सी पसल

यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ। स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४

आकर्षक घर बिक्रिमा



उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजार, संगमटोल, प्याराडाईज बोडिङ जाने सडकको मुख्य रोडदेखि साठी ६० मिटर भित्र रहेको अढाई तले आकर्षक ब्यापारिक घर बिक्रिमा ।

घरको आकर्षणहरु - भुँई तलामा २ वटा सटर, २ वटा कोठा, ट्वाईलेट बाथरुम, भर्याङ, पार्किङ भएको, माथिल्लो तलामा ३ वटा कोठा र कार्यक्रमहल अन्तिम तलामा दुई वटा कोठा र किचेन रुम भएको, बगैचा भएको, आफु बस्नको लागि बनाएको घर सुबिधि सम्पन्न र नयाँ मापद्धन्द अनुसार पुर्वाधार भएको घर ईच्छुक ब्यात्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क - ९८४२८३७१७४/९८०३४८८९९३

भिमरैता हस्पिटल

तपाईको सेवा समर्पित...

सोझै सम्पर्क :- ९८१६७४५६१७




हाम्रा सेवाहरु : दक्ष, अनुभवि विशेषज्ञद्वारा छाला, बालरोग, हाडजोर्नी, न्शा, स्त्रीरोग, फिसिसियन, नाँक, कान, घाँटी सम्बन्धी रोगहरुको उपचार गरिन्छ ।

स्थान : - गाईघाट, उदयपुर असारी रोड


माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट